# को सँग सबैभन्दा ठूलो विश्वास छ?

(जेरी बेट्स)

तपाईलाई थाहा भए अनुसार कसको विश्वास सबै भन्दा बलियो र ठूलो छ? निश्चित रुपमा प्रचारक, एल्डरहरु, वा डिकनहरु हुनेछन् भनी धेरैजसोले तुरुन्तै भन्नेछन् । प्रचारकले उनीहरुको लागि प्रार्थना गरेको होस् भनी धेरै मानिसहरु चाहन्छन् । उनको प्रार्थना अरु कसैको प्रार्थनाभन्दा धेरै शक्तिशाली वा प्रभावकारी छ भनी विश्वास गर्दछन् । आशा छ, उल्लेख गरिएका मानिसहरुका विश्वास बलियो छ; यद्यपि, त्यहाँ कुनै विश्वस्त छैन कि तिनीहरुको विश्वास अरुको विश्वास भन्दा बलियो छ । वास्तवमा, हामी बाइबलमा हेर्न पाउँछौं कि, प्रायजसो मजबुत विश्वास भएका व्यक्तिहरु हामीले कम अपेक्षा गरेका हुन्छौं ।

उदाहरणको लागि, येशूले तीन पटक एउटा समुहलाई उनीहरुको विश्वास कमजोर भएको बताउनुभयो । दुईवटा, अवसरहरुमा, थोरै विश्वास भएका बाह्र चेलाहरु थिए (मत्ती ८:२३-२७; १६:५-१२) । अर्को उदाहरण पानीमा हिडिरहेको पत्रुस थियो (मत्ती १४:२२-३६) । यसले धेरै मानिसहरुलाई आश्चर्यचकित तुल्याउनेछ, किनकि यिनीहरु नै हुन् जसको ठूलो विश्वास हुनुपर्‍यो, तिनीहरु येशूसँगसँगै हिडेका र दिनहुँ उहाँका धेरै आश्चर्यकर्महरु देखेका थिए । तै पनि तिनीहरुको विश्वास त्यसअनुसार बढेनन् ।

अर्कोतर्फ, येशूले तीन पटक केही मानिसहरुका विश्वासको लागि प्रशंसा गर्नुभयो । एउटा उदाहरण लूका ७:१-१० मा छ जब एक जना रोमी कप्तान येशूकहाँ आएर उनको छोरालाई निको पार्नुहोस् भनी बिन्ती गरे । उनी येशूको नजिक पुग्न र उहाँलाई आफ्नो घरमा प्रवेश गराउनको लागि पनि अयोग्य छ भन्ने कुरा त्यो मानिसले स्वीकार गर्‍यो । येशूले भन्नुभयो कि उहाँले इस्रायलमा पनि यति ठूलो विश्वास भेट्टाउनु भएको थिएन् (लूका ७:९) ।

अर्को उदाहरण मर्कूस ५:२५-३४ मा अभिलेख गरिएको छ । कुनै डाक्टरहरुले निको पार्न नसक्ने वा कसैले मद्यत गर्न नसक्ने यस्तो गम्भीर रोगबाट येशूले उनलाई निको पार्नसक्नुहुन्छ भनी एउटा गरिब, बिरामी, यहूदी स्त्रीले दृढतापूर्वक विश्वास गरिन् । उनले येशूको शक्तिमा यति बलियो विश्वास गरेकी थिईन् कि उनी हिँडदा उहाँको लुगा मात्र छुन पाए पनि निको हुन्छिन् भन्ने सोचिन् । उनको विश्वासले उनलाई निको बनायो भनी येशूले भन्नुभयो (मर्कूस ५:३४) । यो कुरा सत्य हो कि येशूले उनको विश्वासलाई विशिष्टरुपमा महान छ भनेर भन्नु भएनन्, तर हामी सबै सहमत हुनेछौं कि यो भनाइमा त्यस्तै भाव लुकेको छ ।

मत्ती १५:२१-२८ मा तेस्रो उदाहरण पाउँछौं । यो कथा कनानी स्त्रीकी छोरीसँग सम्बन्धित छ, जसलाई भूत लागेको थियो । तिनी येशूकहाँ आइन् । सुरुमा उहाँले तिनलाई बेवास्ता र उपहास गर्नुभयो । यद्यपि, उनी दृढ भइन् र उनले उहाँबाट चाहेको आशिष प्राप्त गरिन् । अन्तमा, येशूले भन्नुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ ।"

याद गर्नुहोस् कि यी "महान" विश्वासका उदाहरणहरुमा कनानी स्त्री, रोमी कप्तान र गरिब बिरामी यहूदी स्त्री समावेश छन् । निस्सन्देह, ठूलो विश्वासको छनौटमा यी स्पष्ट उदाहरणहरु पर्दैनन् होला ।

यी दुई समुहलाई तुलना गर्दा हामीले के सिक्न सक्छौं? एउटा पाठ यो हो कि संगति र सहभागिताले मात्र बलियो विश्वासको सुनिश्चितता गर्दैन् । अरु मानिसहरु भन्दा येशूको नजिक रहेका चेलाहरुमा कमजोर विश्वास थियो । लामो समयदेखि ख्रीष्टियान भएको कारणले गर्दा मेरो विश्वास बलियो छ भनेर मैले कहिल्यै सोच्नु हुँन्न् । मण्डलीमा सबैभन्दा महान विश्वास भएको व्यक्ति तुलनात्मक रुपमा नयाँ ख्रीष्टियान वा मैले अपेक्षा नगरेको व्यक्ति पनि हुन सक्छ ।

दोस्रो पाठ यो हो कि महान विश्वासमा ठूलो नम्रता सम्लग्न हुन्छ । कप्तान येशूको नजिक जान उपयुक्त ठानेन् । येशूको दृष्टिमा आफु कुकुर हो भन्ने कुरा सामरी स्त्रीले स्वीकार गरिन् । बिरामी स्त्रीले केवल येशूको लुगा छुन मात्र चाहन्थिन् । यसको विपरित, चेलाहरु प्रायः परमेश्वरको राज्यमा सबैभन्दा ठूलो को हो भनेर झगडा गर्थे ।

परमेश्वरका महान सेवकहरु नम्र मानिसहरु थिए । उदाहरणका लागि, बप्तिस्मा दिने यूहन्नालाई विचार गर्नुहोस् । येशूले उनको बारेमा भन्नुभयो, "साँच्चै, म

तिमीहरुलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरुमा बप्तिस्मा दिने यूहन्नाभन्दा महान् अरु कोही भएको छैन” (मत्ती ११:११)। ती प्रशंसाका उच्च र महान शब्दहरु हुन्। तै पनि, पछि, यूहन्नाले प्रचार गरे कि, “मपछि आउनुहुने उहाँ नै हुनुहुन्छ। उहाँका जुत्ताको फित्ता खोल्ने योग्यको म छैनँ” (यूहन्ना १:२७)। महान व्यक्तिले कसैको निम्ति भन्नु भएका यी साँच्चै नम्र अभिव्यक्तहरु हुन्।

हामीले सिक्नु पर्ने अन्तिम र सम्भवत: सबैभन्दा महत्वपूर्ण पाठ यो हो कि ठूलो विश्वासले येशूमा पूर्ण भरोसा राख्दछ। पूर्ण भरोसा भनेको हामीलाई घेरिरहेको बाधाहरुको वास्ता नगरी उहाँको आज्ञापालन गरिरहनु हो। चेलाहरु प्राय: यस संसारलाई हेर्ने कुरामा दोषी थिए। पत्रुसले येशूबाट आफ्ना आँखा नहटाएसम्म तिनी पानीमा हिंडन सके। येशूलाई नहेरी पानीमा हेर्न लाग्दा तिनले येशूमा आफ्नो पूर्ण भरोसा गुमाए। परमेश्वरले हाम्रो हेरचाह गर्नुहुन्छ भन्ने कुरामा येशूले हामीलाई विश्वास दिलाउनुहुन्छ। के हामी साँच्चै विश्वास गर्छौं? यदि हामी विश्वास गर्दैनौं भने, हाम्रो विश्वास कमजोर छ (मत्ती ६:३०)।

हामीले निराशाको सामना गरिरहँदा पनि येशूमा भरोसा गर्नुपर्छ। हामी सबैले अक्सर निराशाको समयलाई पनि सामना गर्छौं। रगतको समस्या भएकी स्त्रीले येशूको बस्त्र छुन सक्ने ठाउँमा पुग्नको लागि ठूलो भीडबाट बाटो भेट्टाइन्। मलाई अचम्म लाग्छ कि ठूलो भीडको कारणले गर्दा अरु कति मानिसहरुले हार मान्छन। यहूदी नभएको कारणले गर्दा येशूले तिनलाई बेवास्ता गर्न लाग्नुभएको जस्तो देख्दा पनि अन्यजाति स्त्रीले धैर्य धारण गरिन्। तिनी येशूसँग सजिलै रिसाउन सक्थे। उनले त्यसो नगरेको भए तिनले कहिल्यै ठूलो आशिष पाउने थिएनन्। म पक्का छु कि धेरै उदाहरणहरुमा मैले जस्तै तपाईले सुन्नुभएको वा देख्नुभएको छ, कसैले उनीहरुलाई अपमान गरेको कारणले गर्दा मानिसहरु सेवा आराधनामा सहभागी हुन छोडेका छन्। सामान्यतया, यो अरुको निम्ति अपेक्षाकृत सानो अपराध जस्तो देखिन्छ, यद्यपि, यो तिनीहरुको लागि ठूलो हुन्छ। ख्रीष्टको शरीरसितको सम्बन्धलाई आफैले आफैलाई तोडेर तिनीहरुले महान आशिषहरुलाई मात्र गुमाइरहेका हुँदैनन्, मुख्यतया, स्वर्गको अनन्त घरबाट पनि अलग भइरहेका हुन्छन्। महान विश्वास भएका मानिसहरुले न परमेश्वर नता उहाँको परिवारलाई त्याग्छन् र हामी पनि गर्दैनौं। अरुबाट निरुत्साहित गर्ने कुनै पनि शब्द वा कामहरुले हामीलाई ख्रीष्टप्रति वफादार हुने हाम्रो लक्ष्यबाट कहिले पनि रोक्न सक्दैन्।

तपाईको विश्वास कत्तिको बलियो छ? तपाई पनि महान विश्वाससँग एक हुन सक्नुहुन्छ। हरेक बाधाको बाबजुद पनि तपाई बलियो हुनुहोस् (२ थेसलोनिकी १:३)।


**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस्।**

**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**

**मोबाइल: ९८४३०५२०९४**

Voice of truth international

votinepal@gmail.com


# महान विश्वास

**जेरी बेट्स**

